## आकाशवाणी समाचार- नेपाली

मितिः १४ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच द्विपक्षीय बैठक भएको छ। श्री ट्रम्पले भारत र अमेरिकाबीच गहिरो मित्रता र एकता रहेको बताउनु भयो।

२. विदेश मन्त्रालयका सचिव र स्विट्जरल्याण्डका विदेशमन्त्रीद्वारा नयाँ दिल्लीमा वार्षिक द्विपक्षीय राजनीतिक परामर्शको १३ औं चरणको आयोजना गर्नुभयो।

३. पञ्चायती राज राज्यमन्त्री प्रोफेसर एसपी सिंह बघेलले हिजो नयाँ दिल्लीमा पञ्चायतलाई लोकतन्त्रको सबैभन्दा बलियो संस्थाको रूपमा वर्णन गर्नु भयो।

४. मणिपुरमा राष्ट्रपति शासन लागू गरिएको छ।

५. महिला प्रिमियर लिग तेस्रो संस्करण आजदेखि सुरु हुनेछ।

**प्रधानमन्त्री-ट्रम्प**

वासिङ्टन डिसीस्थित अमेरिकी राष्ट्रपतिको आधिकारिक निवास ह्वाइट हाउसमा प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच द्विपक्षीय बैठक भएको छ। यस अवसरमा पत्रकारहरूको प्रश्नको जवाफमा राष्ट्रपति ट्रम्पले श्री मोदीलाई एक महान नेताको रूपमा वर्णन गर्नु भयो। उहाँले भन्नु भयो, मेरो साथी आउनु भएको छ र म उनलाई भेटेर खुसी छु। श्री ट्रम्पले भारत र अमेरिकाबीच गहिरो मित्रता र एकता रहेको बताउनु भयो। उहाँले भन्नु भयो, अमेरिकाले भारतलाई तेल र ग्यास दिनेछ।श्री मोदीले १४० करोड भारतीयहरूको तर्फबाट राष्ट्रपति ट्रम्पलाई उहाँको विजयको लागि बधाई दिनुभयो। श्री मोदीले भन्नु भयो, श्री ट्रम्पको पहिलो कार्यकालमा भारत र अमेरिकाबीचको निकटता नयाँ उचाइमा पुगेको थियो। अब दुवै देश मिलेर यसलाई अगाडि बढाउनेछन्। श्री मोदीले युक्रेन मुद्दामा श्री ट्रम्पले पहल गरेकोमा आफू खुसी भएको बताउनु भयो। उहाँले यसमा समर्थन गर्ने बताउनु भयो। उहाँले भारत तटस्थ नभएको तर सधैं शान्तिको पक्षमा रहेको र यो मुद्दा वार्ताबाट समाधान गरिनुपर्ने बताउनु भयो। बंगलादेशको मुद्दामा राष्ट्रपति ट्रम्पले भन्नु भयो, प्रधानमन्त्री श्री मोदीले यसको ख्याल राख्नुहुनेछ।

****** ० ******

**प्रधानमन्त्री - एलोन मस्क**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो वाशिंगटन डीसीमा टेस्लाका सीईओ एलोन मस्कसँग भेटवार्ता गर्नुभयो। श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ, उहाँले श्री मस्कसँग अन्तरिक्ष, गतिशीलता, प्रविधि र नवप्रवर्तन लगायतका विस्तृत मुद्दाहरूमा छलफल गर्नु भयो जसप्रति श्री मस्क गहिरो प्रतिबद्ध छन्। प्रधानमन्त्रीले भन्नु भयो, उहाँले सुधार र न्यूनतम सरकार-अधिकतम शासनलाई अगाडि बढाउन भारतको प्रयासको बारेमा उल्लेख गर्नु भयो।

श्री मोदीले श्री मस्कको परिवारलाई भेटेर विभिन्न विषयहरूमा छलफल गर्न पाउनु पनि खुशीको कुरा भएको बताउनु भयो।

****** ० ******

**प्रधानमन्त्री - विवेक रामास्वामी**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय-अमेरिकी उद्यमी र रिपब्लिकन राजनीतिज्ञ विवेक रामास्वामीसँग भेट गर्नुभयो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नु भयो, उहाँहरूले भारत-अमेरिका सम्बन्ध, नवप्रवर्तन, जैव प्रविधि र भविष्यलाई आकार दिन उद्यमशीलताको भूमिकामा गहन छलफल गर्नु भयो।

****** ० ******

**भारत-स्विट्जरल्याण्ड परामर्श**

विदेश मन्त्रालयका सचिव (पश्चिमी मामिला) तन्मय लाल र स्विट्जरल्याण्डका विदेशमन्त्री अलेक्ज्याण्डर फासेलले हिजो नयाँ दिल्लीमा वार्षिक द्विपक्षीय राजनीतिक परामर्शको १३ औं चरणको आयोजना गर्नुभयो। छलफलहरू आर्थिक सम्बन्ध, वातावरणीय चुनौतीहरू र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाहरूमा केन्द्रित थिए। दुवै पक्षले मार्च २०२४ मा भारत र युरोपेली स्वतन्त्र व्यापार संघबीच भएको व्यापार तथा आर्थिक साझेदारी सम्झौता अनुरूप रणनीतिक सम्बन्धलाई अझ सुदृढ पार्ने प्रतिबद्धतालाई पुन: पुष्टि गरे। दुवै पक्षले उच्च स्तरीय भ्रमणहरू गर्ने बारेमा पनि छलफल गरे।

****** ० ******

**भारत-अष्ट्रेलियाका परामर्श बैठक**

अन्टार्कटिकामा भारत र अष्ट्रेलियाबीच पहिलो वरिष्ठ आधिकारिक स्तरको परामर्श हिजो नयाँ दिल्लीमा भर्चुअल रूपमा सम्पन्न भयो। विदेश मन्त्रालयका अनुसार परामर्श बैठकमा भारतको तर्फबाट विदेश मन्त्रालयको ओशिनिया र इन्डो-प्यासिफिक डिभिजनकी सहसचिव पारमिता त्रिपाठी र अष्ट्रेलियाको तर्फबाट कानुनी विभागका प्रमुख कन्सुल तथा प्रथम सहायक सचिव एडम म्याकार्थी र विदेश मामिला तथा व्यापार विभागको दक्षिण तथा मध्य एशिया डिभिजनकी प्रथम सहायक सचिव सारा स्टोरी उपस्थित थिए।हालैका वर्षहरूमा भारत-अष्ट्रेलिया सम्बन्धमा परिवर्तनकारी प्रगति भएको छ। द्विपक्षीय सहयोग द्रुत गतिमा बढेको छ र नयाँ क्षेत्रहरूमा र विश्वव्यापी स्तरमा उल्लेखनीय रूपमा विस्तार भएको छ। भारत र अष्ट्रेलियाबीच ऊर्जा, विज्ञान, प्रविधि र अन्तरिक्षको क्षेत्रमा साझेदारी छ।

****** ० ******

**बघेल- पञ्चायत**

पञ्चायती राज राज्यमन्त्री प्रोफेसर एसपी सिंह बघेलले हिजो नयाँ दिल्लीमा 'राज्यहरूमा पञ्चायतहरूलाई सत्ता विकेन्द्रीकरणको स्थिति - एक निर्देशात्मक साक्ष्य-आधारित रैंकिंग, 2024' शीर्षकको सूचकांक प्रतिवेदन जारी गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै श्री बघेलले भन्नु भयो,  यस प्रतिवेदनले पञ्चायतका छवटा महत्त्वपूर्ण आयामहरूको मूल्याङ्कन गर्दछ, जसमा यसको संरचना, कार्य, वित्त, कामदार, क्षमता निर्माण र जवाफदेहिता समावेश छन्। उहाँले पञ्चायतलाई लोकतन्त्रको सबैभन्दा बलियो संस्थाको रूपमा वर्णन गर्नु भयो।यो सूचकांक प्रतिवेदनले देशका राज्य र केन्द्र शासित प्रदेशहरूमा विकेन्द्रीकरणको प्रगतिको बारेमा जानकारी प्रदान गर्दछ। यसले पञ्चायतहरू स्वतन्त्र निर्णय लिने र कार्यान्वयन गर्ने सन्दर्भमा कति स्वायत्त छन् भन्ने कुराको पनि जाँच गर्छ।यसका साथै, डेभोलुसन इन्डेक्स प्रतिवेदनले सहकारी संघीयता र स्थानीय स्वशासनलाई सुदृढ पार्ने उपकरणको रूपमा काम

गर्दछ, जसले राज्यहरूलाई सुधारका क्षेत्रहरू पहिचान गर्न र अझ सशक्त र प्रभावकारी पञ्चायतहरूको लागि उत्तम अभ्यासहरू अपनाउन सक्षम बनाउँछ। उत्तर प्रदेशको सफलताको कथा सुनाउँदै, पंचायती राज राज्यमन्त्रीले भन्नुभयो, राज्यले नवीन पारदर्शिता पहल र बलियो भ्रष्टाचार विरोधी उपायहरूमार्फत आफ्नो जवाफदेहिता संरचनामा क्रान्तिकारी परिवर्तन ल्याएको छ।

****** ० ******

**वैष्णव-चेभ्रोन**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले हिजो घोषणा गर्नु भयो, अमेरिकी बहुराष्ट्रिय ऊर्जा कम्पनी शेभरनले बेंगलुरुमा ग्लोबल कम्पिटेन्स सेन्टर स्थापना गर्दैछ। सामाजिक सञ्जाल पोस्टमा, श्री वैष्णवले भन्नु भयो, ग्लोबल क्यापेबिलिटी सेन्टरले तेल र ग्यास क्षेत्रमा नवीनता ल्याउन उन्नत प्रविधि र भारतीय प्रतिभालाई उपयोग गर्नेछ जुन भारतको आर्टिफिसियल इन्टेलिजेन्स मिशनसँग मिल्दोजुल्दो छ।

****** ० ******

**जम्मू र कश्मीर राष्ट्रिय राजमार्ग**

केन्द्र सरकारले विगत ५ वर्षमा जम्मू कश्मीरमा राष्ट्रिय राजमार्गहरूको विकास र मर्मतमा २९ हजार करोड रुपपियाँभन्दा बढी खर्च गरेको छ। केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले हिजो संसदमा एक प्रश्नको जवाफ दिनु हुँदै सरकारले विगत पाँच वर्षमा एक हजार किलोमिटरभन्दा बढी सडकहरू निर्माण गरेको बताउनु भएको छ।केन्द्रीय मन्त्रीले जम्मू कश्मीरमा सडक सञ्जाललाई आधुनिकीकरण गर्न अझ राम्रा प्रयासहरू भइरहेको बताउनु भयो। यसमा राजमार्गहरूको चार लेन निर्माण र धेरै सुरुङहरूको निर्माण र प्रगतिमा रहेका अन्य महत्वाकांक्षी परियोजनाहरू समावेश छन्। श्री गडकरीले भन्नु भयो, पूर्वाधारमा निरन्तर लगानी गर्दै केन्द्र सरकारले जम्मू कश्मीरमा राजमार्गहरूको निर्माणलाई तीव्रता दिइरहेको छ। राज्यको आर्थिक र क्षेत्रीय विकासलाई जोड दिँदै यात्रालाई सुरक्षित र सुलभ बनाउनमा ध्यान केन्द्रित गरिएको छ।

****** ० ******

**महाकुम्भ-नवनीत सहगल**

प्रसार भारतीका अध्यक्ष नवनीत सहगलले कुम्भवाणी स्टेशनमा महाकुम्भको प्रसारणले प्रसार भारतीको सही र भरपर्दो जानकारी प्रसारण गर्ने उद्देश्यलाई प्रतिबिम्बित गर्ने बताउनु भएको छ। श्री सहगलले हिजो संगममा पवित्र स्नान गर्नु भएपछि प्रयागराजको कुम्भवाणी रेडियो स्टेशनमा एक कार्यक्रममा यो कुरा बताउनु भएको छ। यस रेडियो केन्द्रको प्रशंसा गर्नु हुँदै श्री सहगलले महाकुम्भको प्रत्यक्ष र भरपर्दो कभरेजको लागि यो एक महत्त्वपूर्ण केन्द्रको रूपमा देखा परेको बताउनु भयो।श्री सहगलले नैनी क्षेत्र संगम सेक्टर-४ मा स्थापित आकाशवाणी र दूरदर्शन केन्द्रको स्टुडियोको निरीक्षण गर्नुभयो र प्रसारण प्रणालीको समीक्षा गर्नुभयो। उहाँले कार्यक्रमको व्यापक कभरेज सुनिश्चित गर्न जोड दिनु भयो। श्री सहगलले अनुमान गर्नु भयो, प्रसार भारतीले आकाशवाणी, कुम्भवाणी, दूरदर्शन र वेभ्स ओटीटीमार्फत लगभग ७५ करोडदेखि १०० करोड जनतासम्म पुगेको छ। श्री सहगलले भन्नु भयो, यस्ता नवीनता भविष्यमा पनि जारी रहनुपर्छ ताकि आम सञ्चारको माध्यमबाट धेरैभन्दा धेरै मानिसहरू लाभान्वित हुन सकून्।श्री सहगलले भन्नु भयो, महाकुम्भको हरेक महत्त्वपूर्ण गतिविधि देश-विदेशका भक्तजनसम्म सजिलै पुग्न सकोस् भनेर निर्बाध सूचना प्रसारको लागि आधुनिक प्रविधि अपनाउनुपर्छ।

**महाकुम्भ - प्रमुख भक्तजन**

हिजो राति ८ बजेसम्म प्रयागराजमा रहेको महाकुम्भको त्रिवेणी संगममा ८० लाखभन्दा बढी भक्तजनले पवित्र स्नान गरे। यस महान् पर्वमा भारत र विदेशबाट लाखौं भक्तजन आएका छन्। हाम्रा संवाददाताले बताएअनुसार अहिलेसम्म ४९ करोड १४ लाख भक्तजनले संगममा स्नान गरिसकेका छन्, जसमा धेरै प्रसिद्ध व्यक्तित्वहरू पनि समावेश छन्।

****** ० ******

**मणिपुर – राष्ट्रपति शासन**

मणिपुरमा राष्ट्रपति शासन लागू गरिएको छ। यस सम्बन्धमा गृह मन्त्रालयले आधिकारिक सूचना जारी गरेको छ। अधिसूचनामा भनिएको छ कि राष्ट्रपति द्रौपदी मुर्मुले मणिपुरका राज्यपालबाट प्रतिवेदन प्राप्त गर्नुभएको थियो र त्यसमाथि विचार गरेपछि राज्यमा राष्ट्रपति शासन लागू गरिएको छ। यसको केही दिन अघि मुख्यमन्त्री एन बिरेन सिंहले राजीनामा दिनु भएको थियो। संविधानको धारा ३५६ ले दिएको अधिकार प्रयोग गरेर राज्यमा राष्ट्रपति शासन लागू गरिएको हो। सूचनामा भनिएको छ कि विधानसभा पनि निलम्बन गरिएको छ।

****** ० ******

**महिला प्रिमियर लिग**

महिला प्रिमियर लिग (WPL) २०२५ को तेस्रो संस्करण आजदेखि डिफेन्डिङ च्याम्पियन रोयल च्यालेन्जर्स बेंगलुरु र गुजरात जायन्ट्सबीच बडोदरामा उद्घाटन खेलसँगै सुरु हुनेछ। खेल भारतीय मानक समय अनुसार साँझ ७:३० बजे सुरु हुनेछ।

****** ० ******